apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं ।

● वर्षः १२ ● अंकः १९१ ● पृष्ठः ४ ● १२ साउन २०८३ मंगलबार (28 July 2026. Tuesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# ऋणदाता-ऋणीको समान अधिकारको माग गर्दै सिरहामा प्रदर्शन, प्रशासनलाई ज्ञापनपत्र

## ९ बुँदे सहमति खारेज, वैधानिक लेनदेनको संरक्षण र सन्तुलित कानुन निर्माणको माग

**रुन्केश कामती/अपन दैनिक**
**सिरहा, साउन ११ गते**



ऋणदाता र ऋणी दुवै पक्षको समान अधिकार सुनिश्चित गर्नुपर्ने माग गर्दै पीडित लेनदेन संघर्ष समिति, सिरहाले सोमबार जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा गृह मन्त्रालयलाई ज्ञापनपत्र बुझाएको छ।

समितिका अध्यक्ष महेश्वर प्रसाद यादवको नेतृत्वमा प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलमार्फत ज्ञापनपत्र बुझाइएको हो । सल्हेश मन्दिरबाट सुरु भएको र्‍यालीले जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय अगाडि प्रदर्शन गर्दै विभिन्न नाराको प्लेकार्डसहित प्रदर्शन गरेको थियो।

ज्ञापनपत्रमा निजी लेनदेन तथा लगानीलाई कानुनी मान्यता दिई ऋणदाताको संरक्षण गर्नुपर्ने, ऋणदाता र ऋणी दुवैको समान अधिकार सुनिश्चित हुने सन्तुलित तथा व्यवहारिक कानुन निर्माण गर्नुपर्ने माग गरिएको छ । ऋणीको एकपक्षीय भनाइका आधारमा बनेको अनुचित लेनदेनसम्बन्धी कानुनी व्यवस्था खारेज गर्न पनि समितिले सरकारसँग आग्रह गरेको छ।

वडा कार्यालयबाट घरसारको लिखत प्रमाणित गराई पुरानो कारोबार गरेका साहु-महाजनलाई ऋणीको मौखिक बयान वा झुटा उजुरीका आधारमा पक्राउ तथा कारबाही नगर्न माग गरेको छ। साथै, वैधानिक रूपमा भएका लेनदेनका लिखतलाई एकपक्षीय रूपमा अवैध घोषणा गर्ने

बाँकी पृष्ठ ३ ▸▸

# राजर्षि जनक विश्वविद्यालयको भौतिक पूर्वाधार र शैक्षिक सुधारमा सरकार गम्भीरः शिक्षामन्त्री पोखरेल

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ११ गते**



शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले राजर्षि जनक विश्वविद्यालयको समस्या समाधान र शैक्षिक सुधारका लागि सरकार प्रतिवद्ध रहेको बताएका छन्।

विश्वविद्यालयको वस्तुस्थिति बुझ्न र आगामी कार्यदिशाबारे छलफल गर्न जनकपुर पुग्नुभएका मन्त्री पोखरेलले विश्वविद्यालयलाई थप परिष्कृत र व्यवस्थित ढङ्गले अगाडि बढाउने बताएको हो।

विश्वविद्यालयका पदाधिकारीहरू सँगको परामर्शका क्रममा मन्त्री पोखरेलले विशेषगरी भौतिक पूर्वाधार निर्माण र जग्गा प्राप्तिको विषयमा चासो व्यक्त गरे। विश्वविद्यालयको आफ्नै भवन नहुँदा परेका कठिनाइहरूबारे चर्चा गर्दै उहाँले जग्गा प्राप्तिको कानूनी प्रक्रियालाई छिटोभन्दा छिटो टुङ्ग्याएर निर्माण कार्य शुरु गरिने आश्वासन दिए।

भ्रमणका क्रममा मन्त्री पोखरेलले विद्यार्थीलाई विभिन्न खेलकुद सामग्री समेत हस्तान्तरण गरे। करिब दुई महिनाअघिको भ्रमणमा विद्यार्थीले खेलकुद सामग्रीको अभाव रहेको भनी

बाँकी पृष्ठ ४ ▸▸

# सिरहामा डिएपी मल अभाव, सहज आपूर्तिमा अझै १० दिन लाग्ने

## धान रोपाईं ९५ प्रतिशत सम्पन्न, आवश्यक ८ हजार मेट्रिक टनमध्ये हालसम्म १,०४८ मेट्रिक टन मात्र डिएपी वितरण




**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ११ गते**

सिरहामा धान खेतीका लागि आवश्यक डिएपी मलको आपूर्ति अझै पर्याप्त हुन नसकेको कृषि सामग्री कम्पनी लिमिटेड शाखा कार्यालय, लहानले जनाएको छ। कार्यालयका अनुसार जिल्लामा मागअनुसार डिएपी मल सहज रूपमा उपलब्ध हुन अझै करिब १० दिन लाग्नेछ।

शाखा प्रमुख चेवन खड्काका अनुसार सिरहाका १७ वटै स्थानीय तहमा धान खेतीका लागि करिब ८ हजार मेट्रिक टन डिएपी र १० हजार मेट्रिक टन युरिया मल आवश्यक पर्छ। हालसम्म १ हजार ४८ मेट्रिक टन डिएपी र ३ हजार १६९ मेट्रिक टन युरिया मल जिल्लाभरका १८१ कृषि सहकारीमार्फत वितरणका लागि पठाइसकिएको छ।

उनका अनुसार साउन २० गतेसम्म सिरहालाई आवश्यक पर्ने डिएपी मल आइपुग्ने अपेक्षा गरिएको छ। कोटाअनुसार पर्याप्त मल नपुग्दा सखुवानन्कारकट्टी, भगवानपुर, बरियारपट्टी, औरही र लक्ष्मीपुर पतारी गाउँपालिकाका कृषि सहकारीहरूले

बाँकी पृष्ठ ३ ▸▸

# अस्थिरताका मुख्य कारक पुराना तीन दलः जनमत पार्टी

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ११ गते**

जनमत पार्टीले पुराना तीन दलकै कारण संघ र प्रदेशमा राजनीतिक अस्थिरता बढेको आरोप लगाएको छ। हाल मधेश प्रदेश सभामा विपक्षी दलका रूपमा रहेको यस पार्टीका नेताहरू पछिल्लो समय प्रदेशको सत्ता समीकरण फेरबदलमा पनि यिनै दलको भूमिका रहेको बताउँछन्।

जनमत पार्टीका मधेश प्रदेश समा सदस्य चन्दन सिंहले कांग्रेस, एमाले र नेकपा जसरी पनि सत्तामा रहने खेलमा केन्द्रित हुने गरेको आरोप लगाए।

उनले भने, 'कांग्रेसले प्रतिपक्ष विहीन सरकार नहुने भनेर राम्रो अवधारणा ल्याए पनि आफैँ त्यसमा अडिग हुन सकेन। गठबन्धन बनाएर सरकारमा रहिरहनुले कांग्रेस आफ्नो अवधारणामा अडिग छैन भन्ने प्रस्ट हुन्छ।'

सिंहका अनुसार संघीयता ल्याउन

बाँकी पृष्ठ ४ ▸▸

# सुनसरी गोलीकाण्डको विरोधमा सिरहामा प्रदर्शन, दोषीमाथि कारबाहीको माग

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ११ गते**



सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जमा प्रहरीको गोली लागेर एक जनाको मृत्यु भएको घटनाको विरोधमा सोमबार सिरहाको कर्जन्हा नगरपालिका-बन्दीपुर र गोलबजारमा प्रदर्शन गरिएको छ।

प्रदर्शनकारीहरूले कर्जन्हाको बन्दीपुरस्थित पूर्व-पश्चिम राजमार्गमा टायर बालेर केहीबेर सडक अवरुद्ध गरेका थिए। उनीहरूले 'सुनसरीमा मारिएका व्यक्तिलाई न्याय दे', 'गृहमन्त्रीले राजीनामा देऊ', 'गोली चलाउनेमाथि कारबाही गर' र 'प्रहरी दमन बन्द गर' लगायतका नाराबाजी गरेका थिए।

आन्दोलनकारीहरूले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्न सरकारसँग माग गरेका छन्। प्रहरीबाट गोली नचलाइएको भए गोली कसले चलायो भन्ने विषयको सत्यतथ्य सार्वजनिक गर्न पनि उनीहरूले माग गरेका छन्। साथै, मंगलबारसम्म ठोस निर्णय नभए देशव्यापी आन्दोलन गर्ने चेतावनी दिएका छन्।

सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले सुनसरी घटनाको विरोधमा कर्जन्हा र गोलबजारमा प्रदर्शन भएको जानकारी प्राप्त भएको बताए। प्रदर्शनकारीका अगुवासँग छलफलको तयारी भइरहेको उल्लेख गर्दै उनले हालसम्म सिरहामा कुनै उच्छृङ्खल गतिविधि नभएको र जिल्लाको अवस्था सामान्य रहेको जानकारी दिए। परिस्थिति जटिल बने सुरक्षा निकाय तथा सरोकारवालासँग समन्वय गरेर आवश्यक निर्णय लिइने उनले बताए।

सुनसरीको देवानगञ्ज-३, कप्तानगञ्जमा साउने सोमबार बोलबम यात्राका क्रममा डिजे बजाउँदै सप्तकोशी नदीतर्फ जाने दुई समूहबीच विवाद भएपछि झडप भएको थियो। स्थिति नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास र हवाई फायर गरे पनि अवस्था नियन्त्रणमा नआएपछि गोली चलाएको जनाएको छ। प्रहरीको गोली लागेर देवानगञ्ज-३ का २४ वर्षीय ओमप्रकाश मेहताको उपचारका क्रममा विराटनगरस्थित न्युरो अस्पतालमा मृत्यु भएको थियो।






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

# सम्पादकीय...

## देवानगन्ज घटना र सरकारी जवाफदेहिता

सुनसरीको देवानगन्जमा आइतबार राति प्रहरीको गोली लागेर एक युवकको मृत्यु भएपछि उत्पन्न तनावले अहिले गम्भीर सामाजिक र राष्ट्रिय चिन्ताको विषय बनाएको छ। कुनैपनि नागरिकको मृत्यु दुःखद घटना हो। त्यसमाथि उक्त घटनापछि आन्दोलन उग्र बन्दै जानु, दुई समुदायबीच अविश्वास र तनाव बढ्ने अवस्था सिर्जना हुनु तथा धार्मिक र सामुदायिक भावनालाई उत्तेजित गर्ने गतिविधि देखिनु लोकतान्त्रिक समाजका लागि राम्रो संकेत होइन। नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो। यही विविधताबीचको सहअस्तित्व, सहिष्णुता र आपसी सद्भाव नै नेपालको सबैभन्दा ठूलो शक्ति हो। यस्तो अवस्थामा कुनै पनि घटना समुदाय वा धर्मसँग जोडेर प्रस्तुत गर्नु, अफवाह फैलाउनु वा सामाजिक सद्भाव भड्काउने प्रयास गर्नु राष्ट्रिय एकतामाथिको चुनौती हो। कानुन हातमा लिने, प्रतिशोधको भावना फैलाउने वा समुदायलाई एकअर्काविरुद्ध उभ्याउने कार्य कुनै पनि दृष्टिले स्वीकार्य हुन सक्दैन।

देवानगन्जको घटनामा प्रहरीको भूमिका, परिस्थितिको वास्तविकता तथा गोली चलाउनुपर्ने अवस्था कसरी सिर्जना भयो भन्ने विषय निष्पक्ष र पारदर्शी रूपमा अनुसन्धान हुनुपर्छ। यदि सुरक्षाकर्मी वा अन्य कुनै पक्षबाट कानुनविपरीत कार्य भएको पुष्टि हुन्छ भने दोषीलाई कानुनी दायरामा ल्याएर कडा कारबाही गरिनुपर्छ। न्याय निष्पक्ष हुँदा मात्र पीडित परिवारले न्यायको अनुभूति गर्न सक्छन् र समाजमा राज्यप्रतिको विश्वास कायम रहन्छ। यस घटनाले विगतका केही वर्षयता देशका विभिन्न स्थानमा धार्मिक तथा सामुदायिक संवेदनशीलतासँग जोडिएका विवादहरूलाई पनि पुनः स्मरण गराएको छ। यस्ता विवादहरू समयमै समाधान नभए वा गम्भीरतापूर्वक अनुसन्धान नगरिए सामाजिक सद्भावमा दीर्घकालीन असर पर्न सक्छ। त्यसैले सरकारले देवानगन्ज घटनामा मात्र सीमित नरही विगतमा धार्मिक वा सामुदायिक नाममा भएका विवाद, हिंसा तथा उत्तेजनाका घटनाहरूको समेत अध्ययन गर्ने अधिकारसम्पन्न ...विशेष छानबिन समिति' गठन गर्न आवश्यक छ। यस्तो समितिले घटनाको वास्तविक कारण, कमजोरी, जिम्मेवार पक्ष तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिने उपायहरूबारे स्पष्ट सुझाव दिनुपर्छ।

त्यसैगरी सामाजिक सञ्जालमार्फत फैलाइने अफवाह, घृणायुक्त अभिव्यक्ति र धार्मिक विद्वेष फैलाउने गतिविधिमाथि पनि राज्यले प्रभावकारी निगरानी र कानुनी कारबाही गर्नुपर्छ। राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज, सञ्चारमाध्यम तथा स्थानीय समुदायले पनि संयमता अपनाउँदै सामाजिक सद्भाव कायम राख्न जिम्मेवार भूमिका निर्वाह गर्नुपर्छ। संवेदनशील घटनामा तथ्यभन्दा बढी अफवाह फैलिँदा त्यसको असर पुस्तौँसम्म रहन सक्छ। नेपालको पहिचान शान्तिपूर्ण, सहिष्णु र विविधताको सम्मान गर्ने राष्ट्रका रूपमा स्थापित छ। यही पहिचानलाई कमजोर पार्ने कुनै पनि गतिविधिलाई समयमै रोक्नु राज्यको दायित्व हो। देवानगन्जको घटना केवल एउटा जिल्लाको समस्या होइन, यो समग्र देशको सामाजिक एकता र कानुनी शासनको परीक्षा पनि हो। सरकारले निष्पक्ष छानबिन, दोषीमाथि कानुनी कारबाही र सामाजिक सद्भाव सुदृढ गर्ने दीर्घकालीन नीति अवलम्बन गर्नुपर्छ। जसले भविष्यमा यस्ता घटनालाई हुनबाट रोक्न र मलजल गर्नमा प्रतिबन्धत लगाउन सक्छ। न्याय, पारदर्शिता र सामाजिक सद्भाव नै अहिलेको सबैभन्दा ठूलो आवश्यकता हो। कुनैपनि नागरिकले आफ्नो धर्म, जाति वा समुदायका कारण असुरक्षित महसुस गर्नु नपरोस्, कुनै पनि घटना साम्प्रदायिक द्वन्द्वमा रूपान्तरण नहोस् र नेपाल विश्वसामु शान्तिपूर्ण तथा समावेशी राष्ट्रका रूपमा अझ सुदृढ रूपमा उभिन सकोस। यही नै आजको सबैभन्दा ठूलो राष्ट्रिय दायित्व हो।

अपन दैनिक
- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# बालेनको प्रधानमन्त्रीत्वमा कति खुसी छ मधेश ?

**बालेनको जीवनशैलीमा न मधेशी पहिचान छ, न पहिचान राजनीतिका मुद्दामा उनलाई कुनै रुचि छ। तर, पनि मधेशको भोट प्राप्त गर्न सफल भए। यसको कारण राजनीतिकभन्दा भावनात्मक र मनोवैज्ञानिक हुन सक्दछ।**




'पहिचान राजनीति' पक्षधरहरूको सधैं एउटा गुनासो हुन्थ्यो-'देशमा खस-आर्य बाहेक अरु समुदायबाट कहिल्यै प्रधानमन्त्री स्वीकारिएन। शासन सत्ता सधैं एकल जातीय रह्यो। यो देश हाम्रो पनि हो तर, राज्य कहिल्यै हाम्रो भएन।'

'पहिचान राजनीति' का दुई मुख्य आयाम मधेश र जनजाति केन्द्रित मध्ये मधेशबाट यो गुनासो बढी नै सुनिन्थ्यो। र, त्यो स्वाभाविक थियो।

२००७ सालअघिको छोडेर राणा शासनको अन्त्यदेखि बालेन्द्र शाह प्रधानमन्त्री नहुन्जेलसम्म राजाको प्रत्यक्ष शासनसमेत २७ जनाले प्रधानमन्त्री वा राजाका रूपमा सरकार संचालन गरे। तीमध्ये एक मरिचमानसिंह श्रेष्ठ मात्र पहाडी जनजाति समुदायका थिए।

ती २७ जना थिए-१. मोहन शमशेर २. मातृकाप्रसाद कोइराला, ३. त्रिभुवन शाह ४. टंकप्रसाद आचार्य ५.महेन्द्र शाह ६.केआई सिंह ७. सुवर्ण शमशेर ८. बीपी कोइराला ९. तुलसी गिरी, १०. सूर्यबहादुर थापा ११. नगेन्द्रप्रसाद रिजाल १२.कीर्तिनिधी विष्ट १३.लोकेन्द्रबहादुर चन्द १४. मरिचमानसिंह श्रेष्ठ १५. कृष्णप्रसाद भट्टराई १६. गिरिजाप्रसाद कोइराला १७. मनमोहन अधिकारी, १८.शेरबहादुर देउवा १९.ज्ञानेन्द्र शाह २०. पुष्पकमल दाहाल 'प्रचण्ड' २१. माधवकुमार नेपाल २२. झलनाथ खनाल २३. डा.बाबुराम भट्टराई २४. खिलराज रेग्मी २५. सुशील कोइराला २६.केपी शर्मा ओली र २७. सुशीला कार्की।

अझ रोचक कुरा यिनै व्यक्तिहरू शासन सत्ताको नेतृत्वमा बारम्बार दोहोरिए। राजा महेन्द्रले ३ र ज्ञानेन्द्र शाहले २ पटक प्रत्यक्ष शासन गरे। सूर्यबहादुर थापा र शेरबहादुर देउवा ५/५ पटक पदमा रहे।

लोकेन्द्रबहाद्र चन्द, गिरिजाप्रसाद कोइराला र केपी शर्मा ओली ४/४ पटक प्रधानमन्त्री बने। तुलसी गिरी, कीर्तिनिधि विष्ट र पुष्पकमल दाहाल 'प्रचण्ड' ले ३/३ पटक भ्याए। दुईपटक हुनेमा मातृकाप्रसाद कोइराला, नगेन्द्रप्रसाद रिजाल, कृष्णप्रसाद भट्टराई तीन जना थिए।

एकपटक मात्र प्रधानमन्त्री हुने ११ जना १. टंकप्रसाद आचार्य २.केआई सिंह ३.सुवर्ण शमशेर ४. बीपी कोइराला ५. मरिचमानसिंह श्रेष्ठ ६. मनमोहन अधिकारी ७. माधवकुमार नेपाल, ८. झलनाथ खनाल ९. बाबुराम भट्टराई १०. सुशील कोइराला र ११. सुशीला कार्की रहे।

यो दौडमा मधेशी समुदायको पात्र कतै र कहिल्यै देखिएन। गणेशमान सिंहले पाएको प्रधानमन्त्री पदसमेत परित्याग गरेको हुँदा उनको प्रतिष्ठा प्रधानमन्त्रीको भन्दा माथि रह्यो। खस आर्य समुदायभन्दा बाहिरबाट प्रधानमन्त्री भएका मरिचमान र नभएका गणेशमान सिंह नेवार समुदायका हुन्। यस अर्थमा नेवार बाहेको अन्य जनजाति समुदायबाट पनि अहिलेसम्म कोही प्रधानमन्त्री वा सर्वोच्च नेता भएको छैन।

**बालेनले तोडे रेकर्ड : पाएनन् जस**

बालेन शाहले पहिलोपटक मधेशी समुदायबाट प्रधानमन्त्री बनेर त्यो रेकर्ड तोडिदिए। साथै देशलाई यस्तो आरोप र दोषभागिताबाट मुक्त पनि गरिदिए। बालेन योगदानको यो पाटो इतिहासमा सधैं स्मरणीय रहनेछ। तर, मधेशकेन्द्रित दलहरूले यसको स्वामित्व लिन चाहेका छैनन्।

मधेश आन्दोलनका मुख्य नेता उपेन्द्र यादव बालेनलाई 'मधेशिया छौरा' मान्दैनन्। उनी बारम्बार भन्ने गर्दछन्-'पहिला बालेनलाई मधेशी त बनाउँनुस्, अनि उनलाई मधेशी प्रधानमन्त्री मानौँला।' यादवको विचारमा बालेन मधेशिया वा मधेशका होइनन्।

सत्य हो- बालेनले आफूलाई मधेश आन्दोलन र मुद्दाहरूसँग जोड्ने गरेका छैनन्। मधेश आन्दोलनको सबैभन्दा ठूलो माग संघीयता थियो। २०७९ को आम चुनावमा उनले प्रदेशसभाको मतपत्रमा मतदान नगरेर आफूलाई अरु मधेशीभन्दा फरक विचारको देखाउन चाहे। अहिले पनि उनको दल रास्वपा प्रदेश सभा खारेज गर्नुपर्ने नीतिमा छ।

मधेश आन्दोलनका अर्का नेता महन्थ ठाकुरले राष्ट्रियसभामा बोल्दै बालेनलाई 'नेपाली हिटलर' को संज्ञा दिए। मधेशकेन्द्रित दलका अन्य नेता राजेन्द्र महतो, डा. सीके राउत र रेशम चौधरी पनि बालेन सरकारप्रति खासै सकारात्मक देखिन्नन्।

मधेश राजनीतिमा बालेनलाई 'मधेशिया छौरा' भन्दा बढी पहाडीकरण भइसकेको 'मधेशी मूलको नेपाली' मान्नेहरू धेरै छन्।

**मधेशमा बालेन आकर्षणको कारण**

यदि बालेनले मधेशी भावना र मधेश आन्दोलनका मुद्दाको प्रतिनिधित्व गर्दैनन् भने उनको रास्वपा प्रवेशपछि मधेशमा आएको नयाँ चुनावी लहरको कारण के थियो ?

बालेन प्रवेश नगरेको भए तराई-मधेश र मधेश प्रदेशमा यो स्तरमा रास्वपा फैलिने कुनै कल्पना नै थिएन। बालेनले मधेशी पहिचानको उपयोग नै नगरिकन मधेशलाई कसरी एकोर्‍याए, त्यो पनि संघीयताप्रति द्वैध चरित्र देखाएर।

विगतमा संघीयता विरोधी रहेका बालेनले यसपटकको चुनावमा भने 'बलगर संघीयता' को भाषण गरेका थिए, मैथिली भाषामा। चुनावभरि उनले बोलेको सबैभन्दा लामो भाषण नै जनकपुरको थियो।

देशको अन्य भागमा जाँदा उनले मधेश पहिचानको झल्को दिएनन्। उनी जुन प्रकारको पहिरन र चालढाल प्रस्तुत गर्दछन् त्यसमा नेवारी संस्कृतिको झल्को छ। काठमाडौंमा जन्मे-हुर्केको कारण यो अस्वाभाविक भने होइन। उनका साथी संगातिहरूको वृत्त त्यस्तै हुनु स्वाभाविक छ।

मधेश पहिचान राजनीतिको मूल केन्द्र हो। मधेश आन्दोलनले नै देशमा संघीयता, समावेशिता, सामाजिक न्याय र आरक्षणको मुद्दा स्थापित गरको थियो।

बालेनको जीवनशैलीमा न मधेशी पहिचान छ, न पहिचान राजनीतिका मुद्दामा उनलाई कुनै रुचि छ। तर, पनि मधेशको भोट प्राप्त गर्न सफल भए। यसको कारण राजनीतिकभन्दा भावनात्मक र मनोवैज्ञानिक हुन सक्दछ।

**के हो पहिचान राजनीति ?**

नश्ल, वर्ण, जाति, समुदाय, धर्म, क्षेत्र, लिङ्ग र यौनिकताका आधारमा निर्माण हुने जनसांख्यिक समूहको मान्यता, सशक्तीकरण, आत्मसम्मान, सहभागिता र समावेशिताको सवालमा गरिने राजनीतिक अभियान तथा संगठन नै पहिचान राजनीति हो।

भनिन्छ- पहिचानलाई बेवास्ता गर्नु अन्यायलाई बेवास्ता गर्नु हो। विभेद र विभेदजन्य असमानतालाई स्वाभाविक मान्नु हो।

पहिचान राजनीतिको वृहत्त परिभाषाले नसमेट्ने जनसांख्यिक समूह सानो हुन्छ। तर, कथित मूलधार राजनीतिले सानो जनसंख्यायिक अनुपात आधार मै वर्चस्व निर्माण गर्दछ। अर्थात् सीमान्तकरण भनेको जनसंख्याको आकार होइन, वर्चस्वको कमजोर हिस्सा रहेछ।

नेपालमा पहिचान राजनीतिको परिभाषा र दायराले समेट्ने जनसंख्या आकार धेरै ठूलो छ। 'खस, मधेशी, आदिवासी, जनजाति, अल्पसंख्यक, दलित, मुस्लिम, अल्पसंख्यक, महिला, यौनिक अल्पसंख्यक, कर्णाली वा दुर्गमवासी पहिचान राजनीतिबाट

बाँकी पृष्ठ ३

# आजको राशिफल

**मेष :** भाग्यको पूर्ण साथ मिल्नेछ, जसले गर्दा रोकिएका कामहरू पुनः सुचारु हुनेछन्।

**बृष :** आज स्वास्थ्यमा अलि उतारचढाव आउन सक्छ, त्यसैले खानपान र आराममा विशेष ध्यान दिनुहोला।

**मिथुन :** वैवाहिक जीवन र प्रेम सम्बन्ध सुखमय रहनेछ, जीवनसाथीसँगको आपसी समझदारी अझ बलियो हुनेछ।

**कर्कट :** स्वास्थ्यमा राम्रो सुधार आउनेछ र तपाईंमा नयाँ ऊर्जाको सञ्चार हुनेछ।

**सिंह :** बौद्धिक र रचनात्मक काममा ठूलो सफलता मिल्नेछ, जसले गर्दा कार्यस्थलमा प्रशंसा हुनेछ।

**कन्या :** आज पारिवारिक सुख र शान्तिमा केही कमी महसुस हुन सक्छ, त्यसैले घरभित्रका कुरामा धैर्य राख्नुहोला।

**तुला :** तपाईंको पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ, जसले गर्दा कठीन चुनौतीहरू सहजै पार हुनेछन्।

**वृश्चिक :** आर्थिक दृष्टिकोणले आजको दिन निकै राम्रो छ र धन सञ्चय गर्न सफलता मिल्नेछ।

**धनु :** (नोटस् यो राशिको नेपाली नाम धनु हो) तपाईंको मान(सम्मान र सामाजिक प्रतिष्ठामा वृद्धि हुनेछ।

**मकर :** आज खर्चमा केही वृद्धि हुन सक्छ, त्यसैले अनावश्यक विलासिताका सामानमा धन खर्च नगर्नुहोला।

**कुम्भ :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन् र पुराना लगानीबाट राम्रो नाफा मिल्नेछ।

**मीन :** कार्यक्षेत्र र व्यापारमा ठूलो सफलता मिल्नेछ, जसले गर्दा करियरमा सकारात्मक परिवर्तन आउनेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# मानवअधिकार संरक्षण गर्न प्रदेशस्तरीय कानुन आवश्यक छः प्रदेश प्रमुख कर्ण

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ११ गते**



मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले मानव अधिकारको प्रभावकारी संरक्षणका लागि प्रदेश सरकारले छुट्टै मानव अधिकारसम्बन्धी ऐन ल्याउनुपर्ने आवश्यकता औंल्याएका छन् । अनौपचारिक सेवा केन्द्र (इन्सेक), सबल नेपाल र मुक्ति नेपाललगायत संस्थाको संयुक्त आयोजनामा जनकपुरधाममा आजदेखि सुरु भएको मधेश प्रदेश मानव अधिकार सम्मेलनको उद्घाटन गर्दै उनले समतामूलक समाज निर्माणका लागि नागरिक समाज, नागरिक अगुवा र राज्य सबै मिलेर अघि बढ्नुपर्ने बताए ।

प्रदेश प्रमुख कर्णले विश्व प्रविधिमा तीव्र फड्को मारिरहेको अवस्थामा पनि नेपाली समाजमा देखिएका जातीय विभेद र महिलामाथिको हिंसाका घटनलाई निरुत्साहित गर्नुपर्ने आजको आवश्यकता भएको बताए । उनले प्रदेश सरकारले मानव अधिकार संरक्षणका लागि ठोस कानुनी आधार तयार गर्नुपर्ने भन्दै सम्मेलनबाट सरकारलाई आवश्यक नीति तथा सुझाव प्राप्त हुने अपेक्षा व्यक्त गरे ।

मधेश प्रदेशका श्रम तथा यातायातमन्त्री शारदा थापाले हरेक नागरिक सुरक्षित र सक्षम नभएसम्म मानव अधिकारको अभियान जारी रहने बताए । प्रतिनिधिसभा सदस्य गणेश विश्वकर्माले दलितमाथिको विभेद, महिला हिंसा, हरवा-चरवा,

बाँकी पृष्ठ ४ ▸▸

# पत्रकार महासंघको दबाबपछि सञ्चार विधेयक रोकियो, मधेश सरकार तत्काल अघि नबढ्ने

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन ११ गते**

मधेश प्रदेश सरकारले अध्यादेशमार्फत ल्याउने तयारी गरेको 'मधेश प्रदेश आम सञ्चार विधेयक, २०८२' तत्कालका लागि रोकिएको छ । सञ्चार क्षेत्रसँग पर्याप्त छलफल नगरी विधेयक अघि बढाउन खोजिएको भन्दै नेपाल पत्रकार महासंघसहित सञ्चारसम्बद्ध संघ-संस्थाले विरोध जनाएपछि सरकार आफ्नो निर्णयबाट पछि हटेको हो ।

गत साउन ८ गते मधेश पत्र मा 'छलफलविनै मधेशमा नयाँ सञ्चार ऐनको तयारी : तीन स्वायत्त संस्था गाभ्ने सरकारको योजना, सरोकारवाला अनभिज्ञ' शीर्षकमा समाचार प्रकाशित भएपछि प्रस्तावित विधेयकबारे व्यापक बहस सुरु भएको थियो । त्यसपछि सञ्चारकर्मी र विभिन्न पेशागत संस्थाहरूले विधेयकप्रति असन्तुष्टि जनाउँदै सरकारसँग प्रक्रिया रोक्न माग गरेका थिए ।



यसैक्रममा नेपाल पत्रकार महासंघ, मधेश प्रदेश समितिले मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोलाई ज्ञापनपत्र बुझाउँदै पर्याप्त परामर्श र सरोकारवालासँग छलफल नगरी विधेयक अघि नबढाउन आग्रह गरेको थियो ।

ज्ञापनपत्र बुझ्दै मन्त्री महतोले सरकारलाई केही पक्षबाट गलत ढंगले 'ब्रीफिङ' गरिएको उल्लेख गर्दै प्रस्तावित विधेयक तत्काल अघि नबढाउने र हालको प्रक्रिया रोकिएको जानकारी दिएका छन् । उनले सञ्चार क्षेत्रका सरोकारवालासँग आवश्यक छलफल र सुझाव लिएर मात्र आगामी प्रक्रिया अघि बढाइने संकेत पनि दिएका छन् ।

पत्रकार महासंघले सञ्चारजस्तो संवेदनशील क्षेत्रसँग सम्बन्धित कानुन बनाउँदा पत्रकार महासंघ, सञ्चार विज्ञ तथा सरोकारवालासँग

बाँकी पृष्ठ ४ ▸▸

## ऋणदाता-ऋणीको समान अधिकारको माग गर्दै सिरहामा ...............

व्यवस्था हटाउन, बैंकिङ पहुँचबाहिर हुने लेनदेनलाई अपराधीकरण नगर्न तथा लेनदेनसम्बन्धी विवादलाई सम्पत्ति शुद्धीकरण वा संगठित अपराधसँग जोड्ने कार्य रोक्नुपर्ने मागसमेत गरिएको छ ।

ज्ञापनपत्रमा सरकार र मिटरब्याज पीडित पक्षबीच भएको ९ बुँदे सहमतिका केही प्रावधान एकपक्षीय, कानुनी राज्यको सिद्धान्तविपरीत तथा इमानदार ऋणदाता र सर्वसाधारण नागरिकको हितविपरीत रहेको दाबी गरिएको छ । उक्त सहमति खारेज गरी सबै सरोकारवालासँग छलफल गरेर न्यायोचित समाधान खोज्न सरकारसँग आग्रह गरिएको छ ।

समितिले अदालतबाट अन्तिम फैसला भइसकेका विषयमा प्रशासनिक संयन्त्रमार्फत पुनः हस्तक्षेप गर्न खोजिएको, यसबाट न्यायपालिकाको अधिकार क्षेत्र र संविधानले प्रत्याभूत गरेको सम्पत्ति अधिकार प्रभावित भएको आरोपसमेत लगाएको छ । जिल्ला तथा स्थानीय तहमा गठन गरिएका सहजीकरण तथा अनुगमन समितिमा ऋण प्रवाहकर्ता पक्षको पनि समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग गरिएको छ ।

समितिका अध्यक्ष यादवले आफ्ना माग सम्बोधन नभए चरणबद्ध आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने चेतावनी दिएका छन् ।

समितिका अनुसार ज्ञापनपत्रको बोधार्थ जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, कानुन मन्त्रालय तथा मधेश प्रदेश सरकारका सम्बन्धित निकायमा समेत पठाइएको छ ।

## सिरहामा डिएपी मल अभाव, सहज आपूर्तिमा .............

किसानको मागअनुसार मल वितरण गर्न कठिनाइ भोगिरहेका छन् ।

शाखा प्रमुख खड्काले आगामी आर्थिक वर्ष २०८३/८४ मा धानबालीका लागि आवश्यक ८ हजार मेट्रिक टन युरिया र ७ हजार मेट्रिक टन डिएपी मल रोपाइँ सुरु हुनुअघि नै भण्डारण गर्ने तयारी केन्द्रीय कार्यालयले गरिरहेको जानकारी दिए ।

यता, कृषि ज्ञान केन्द्र सिरहाका प्रमुख किसुनदेव राउतका अनुसार जिल्लामा हालसम्म करिब ९५ प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको छ ।

सिरहामा ५४ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ भने मधेश प्रदेशको कुल धान उत्पादनमध्ये करिब १६.६ प्रतिशत योगदान सिरहाको रहेको छ ।

## बालेनको प्रधानमन्त्रीत्वमा कति खुसी ...............

प्रभावित हुन सक्ने वा सरोकार राख्ने जनसंख्या समूह हो ।

खस आर्य समुदायको कूल जनसंख्या करिब ३३ प्रतिशतभित्र समेत १७ प्रतिशत महिला र यौनिक अल्पसंख्यक होलान् । अब बाँकी रहन्छ- १६ प्रतिशत वर्चस्वशाली जनसंख्या हो । यसभित्र पनि कमजोर र आर्थिक रूपमा गरिबहरू छन् । ६ प्रतिशत कर्णालीबासी तथा अन्य प्रदेशका दुर्गमवासी छन् । यस हिसाबले पहिचान राजनीति आवश्यक नपर्ने जनसंख्या आकार १० प्रतिशत मात्र हुन सक्दछ ।

यो आफैंमा ठूलो विरोधाभाष हो । ९० प्रतिशत जनसंख्या जसलाई पहिचान राजनीतिले प्रभावित गर्न सक्दछ, त्यो बलियो छैन । १० प्रतिशत जनसंख्याले झण्डै ९० प्रतिशत वर्चस्व निर्माण गरेको छ ।

यसले के प्रस्ट गर्दछ भने सीमान्तकरण वा बहिष्करणको प्रक्रियालाई जनसंख्या आकारले निर्धारण गर्दैन । वर्चस्व संरचनाले तय गर्दछ ।

**अनुहार कि सवाल ?**

नेपालको पहिचान राजनीतिमा बलियो तर्क यो हुन्छ वा हुने गर्दथ्यो-जसको सवाल उसकै नेतृत्व । यसको अर्थ हो-मधेशीको मुद्दा मधेशीले नै उठाउन र न्याय गर्न सक्दछ । महिलाको मुद्दा उठाउन महिला नै चाहिन्छ । आदिवासी जनजातिका सवाल तिनै समुदायका मासिनले उठाउँदा प्रभावकारी हुन्छ । दलित आन्दोलन र सवालको नेता दलित नै हुनुपर्दछ ।

एक बेला असाध्यै लोकप्रिय यो भाष्य आज भने संकटमा पर्न थालेको छ । पहिचान राजनीतिमा अहिले नयाँ बहस सुनिन्छ- अनुहारले केही नगर्ने रैछ, सवाल महत्त्वपूर्ण हुनेरहेछ । त्यस्तो अनुहार के गर्ने जसले जुनकुनै बेला सवाललाई धोका दिन सक्दछ वा पहिचानका मुद्दा नै बोक्न चाहँदैन ।

यस्तो सोच विकास हुनुमा पहिचानवादी अभियन्ता, नेता, कार्यकर्ताहरू नै जिम्मेवार छन्, जो कुनैबेला आफूलाई पहिचान आन्दोलनको सबैभन्दा ठूलो नेता र प्रतिबद्ध व्यक्ति दाबी गर्थे । तर, थोरै राजनीतिक अवसर वा पद प्राप्त गर्ने वित्तिकै विपरीत वैचारिक धारको दल र नेताहरूको छत्रछायाँमा जान लाज मान्दैनन् । सीमान्तकृत वर्ग समुदायका माग मुद्दालाई धोका दिन्छन् ।

बालेन आफैं यो प्रवृत्तिबाट मुक्त छैनन् । कुनै बेला उनले भनेका थिए- नयाँ पुराना सबै चोर हुन् । उनको चोर र ठगको परिभाषाभित्र रास्वपा पनि पर्थ्यो । फेसबुकमा 'फक यु रास्पवा' लेखेको केही महिनाभित्रै रास्वपा प्रवेश गर्नुले बालेन प्रवृत्ति अवसरवादबाट मुक्त छैन भन्ने प्रस्टै थियो ।

पहिचान अभियन्ताहरूले नै हिजोआज भनेको सुनिन्छ- जसको सवाल उसैको नेतृत्व भन्ने कुरा पनि गलत रहेछ । अनुहारले केही नगर्ने रहेछ । जसले बलियो गरी मुद्दा समाउँछ अनुहारभन्दा त्यही प्रभावकारी हुने रहेछ ।

**बालेनको ओबामा नियति**

सन् २००८ मा बराक ओबामा निर्वाचित हुनुअघि अमेरिकामा ठीक यही भाष्य थियो कि अश्वेत व्यक्ति राष्ट्रपतिमा कहिल्यै निर्वाचित हुन सकेन । सन् २००८ र सन् २०१२ मा दुईपटक राष्ट्रपति निर्वाचित भएर ओबामाले अमेरिकालाई यस्तो आरोप र दोषबाट मुक्त त गराइदिए तर, खासमा उनी पनि पूर्ण अश्वेत थिएनन् ।

जसरी बालेनलाई मधेशी स्वीकार गर्न स्वयं मधेशी समुदायलाई गाह्रो परेको छ, त्यसै गरी ओबामालाई अश्वेत स्वीकार गर्न अमेरिकी अश्वेत समाज तयार थिएन । ओबामा केन्याली अश्वेत पिताको सन्तान त थिए तर उनकी आमा भने अमेरिकी गोरी केटी थिइन् । उनको पालन मावली हजुरआमाले गरेकी थिइन् । ओबामा 'आधा अश्वेत' थिए, पूर्ण अश्वेत राष्ट्रपति त अहिलेसम्म निर्वाचित हुन सकेको छैन । पहिचान राजनीतिको परिभाषाबाट हेर्दा बालेनलाई पनि 'आधा मधेशी' भन्नुपर्ने हुन्छ । 'पूर्ण मधेशी' त प्रधानमन्त्री भएकै छैन ।

**बालेन सरकारसँग कति खुसी छ मधेश ?**

बालेन प्रधानमन्त्री हुनु मधेश मनोविज्ञानको स्वैरकल्पना र तुष्टीकरणले अवश्य योगदान गरेको छ । तर, बालेनको प्रधानमन्त्रीत्व र कार्यशैलीबाट बाँकी देशभन्दा मधेश अतिरिक्त खुसी भएको कुनै संकेत पाइन्न ।

एक त- मधेश आन्दोलनको जगमा उठेको राजनीतिक नेतृत्वले बालेन उदयको स्वामित्व लिएन । अर्को कुरा- बालेन आफैं मधेशी पहिचान वेशभूषा, भाषा, संस्कृति, चाडपर्व र रहनसहनसँग आफूलाई जोड्न चाहँदैनन् ।

तेस्रो कुरा- पहिचान राजनीतिका माग मुद्दाप्रति बालेनको कुनै रुचि र सुझाव देखिन्न । उनको 'बलगर संघीयता' को कुनै प्रस्ट प्रारूप छैन । त्या चुनावको मुखमा मधेशी भोट बैंकमा हमला गर्ने रणनीतिजस्तो मात्र लाग्छ । रास्वपा महाधिवेशनले प्रदेशसभा खारेज गर्ने प्रस्ताव पारित गर्दा बालेनले मुख खोलेका छैनन् । मौन सहमति जनाएका छन् ।

बालेन सरकारका कतिपय कदम र निर्णयले मधेश असन्तुष्ट छ । मूलतः तीनवटा कुराले मधेश बालेनसँग झस्किएको छ । सुकुम्बासी भूमिहीनप्रति सरकारको व्यवहार, छोटी भन्सार कार्यालयहरूको कटौती र रु १०० रूपैयाभन्दा बढीको सीमापार घरेलु खरिदमा बन्देज ।

बालेन सरकारका सीमा र कमजोरीले तराई-मधेशमा मधेशकेन्द्रित तथा पहिचानवादी राजनीतिको आशा पुनजाग्रित गर्दै छ ।



# सीमामा कडाइ बढाइँदै, तस्करीमा संलग्न र संरक्षण गर्ने दुवैमाथि कारबाही हुने चेतावनी

**अपन दैनिक संवाददाता**
**सर्लाही, साउन ११ गते**




मधेश प्रदेश सशस्त्र प्रहरी बल, नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीका बाहिनी पति सशस्त्र प्रहरी नायब महानिरीक्षक (डिआईजी) विष्णुप्रसाद भट्टले नेपाल-भारत सीमा क्षेत्रमा हुने चोरी-तस्करी, लागू औषध कारोबार तथा अन्य अवैध गतिविधिविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्दै निगरानी र कारबाही थप कडा बनाइने बताएका छन्।

सोमबार सर्लाहीका विभिन्न सीमावर्ती नाकाको नियमित अनुगमनका क्रममा उनले सीमामा कानुन कार्यान्वयनका विषयमा कुनै सम्झौता नहुने स्पष्ट पारे। मधेश प्रदेशको जिम्मेवारी सम्हालेपछि सर्लाही सीमाको यो आफ्नो छैटौं अनुगमन भएको उल्लेख गर्दै उनले अघिल्लो अवस्थाको तुलनामा सीमा सुरक्षामा सुधार देखिएको र त्यसलाई अझ प्रभावकारी बनाउन आफू प्रतिबद्ध रहेको बताए।

डिआईजी भट्टले चोरी-तस्करी कानुन विपरीत र समाजका लागि हानिकारक गतिविधि भएकाले त्यसलाई कुनै पनि अवस्थामा स्वीकार गर्न नसकिने बताए। "सीमामा कडाइ गर्ने नै हो। यदि हाम्रो कुनै कर्मचारीको समेत संलग्नता रहेको सूचना प्राप्त भयो भने तत्काल आवश्यक कारबाही हुन्छ," उनले भने।

उनले नेपाल-भारत खुला सीमाका कारण सुरक्षा चुनौती थप जटिल बनेको उल्लेख गर्दै त्यसको प्रभावकारी व्यवस्थापनका लागि सशस्त्र प्रहरीले नियमित निगरानी, गस्ती तथा सूचना संकलनलाई तीव्र बनाएको जानकारी दिए। सीमा क्षेत्रमा हुने लागू औषध कारोबारका कारण विशेष गरी युवापुस्ता कुलतमा फस्ने जोखिम बढ्दै गएको भन्दै त्यसविरुद्ध विशेष अभियान सञ्चालन गरिएको उनले बताए।

डिआईजी भट्टका अनुसार चोरी-तस्करी, लागू औषध ओसारपसार तथा अन्य अवाञ्छित गतिविधि नियन्त्रणका लागि सीमा क्षेत्रमा नियमित अनुगमन र निगरानीलाई निरन्तरता दिइएको छ।

सीमा सुरक्षालाई प्रभावकारी बनाउन सुरक्षा निकायको प्रयास मात्र पर्याप्त नहुने उल्लेख गर्दै उनले स्थानीय समुदाय, जनप्रतिनिधि तथा अन्य सरोकारवालाको साथ र सहयोग आवश्यक रहेको बताए। सीमा सुरक्षामा स्थानीयको सक्रिय सहभागिताले अवैध गतिविधि नियन्त्रणमा थप प्रभावकारिता आउने उनको भनाइ थियो।

मधेश प्रदेश सशस्त्र प्रहरी बल, नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालयको नेतृत्व सम्हालेको दुई महिना पनि पूरा नभएको अवस्थामा डिआईजी भट्टले सीमा क्षेत्रको निरन्तर स्थलगत अनुगमनलाई प्राथमिकतामा राख्दै तस्करी नियन्त्रण, लागू औषध नियन्त्रण तथा सीमा सुरक्षालाई थप प्रभावकारी बनाउने अभियानलाई तीव्रता दिएका छन्।

सर्लाही जिल्लामा सशस्त्र प्रहरीको एउटा गणअन्तर्गत दुई वटा सीमा सुरक्षा गुल्म, नौ वटा बोर्डर आउट पोस्ट (बिओपी) र सात वटा सुरक्षा बेस गरी १९ वटा सुरक्षा युनिट परिचालनमा छन्। जिल्लाको नेपाल-भारत खुला सीमा पूर्वमा संग्रामपुरदेखि पश्चिममा छतौनासम्म करिब ५१ किलोमिटर फैलिएको छ।

## पत्रकार महासंघको दबाबपछि सञ्चार .........

व्यापक छलफल आवश्यक रहेको भन्दै सरकारले एकपक्षीय ढंगले विधेयक अघि बढाउन खोजेकोमा आपत्ति जनाएको थियो।

ज्ञापनपत्र बुझाउने टोलीमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजु विश्वकर्मा, मधेश प्रदेश समितिका सल्लाहकार अवधेश कुमार झा, सचिव हदिस खुद्दार तथा पत्रकार अजित तिवारी, आतिश मिश्र, अजय साह, बटुकनाथ झा, शिव अधिकारी, घनश्याम मिश्र, मनोजकुमार मोरबैता, सनोज यादव, रुपेश यादव, चन्दन रजक, शंकर यादव, अजित कुमार र श्याम गिरी लगायत सञ्चारकर्मीको सहभागिता रहेको थियो।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क**
**०३३-५२१२१४**




## अस्थिरताका मुख्य कारक पुराना ..............

मधेशले त्यत्रो बलिदान दिए पनि अहिले संघीयता ल्याउन भूमिका निर्वाह गरेका दललाई नै किनारा लगाएर पुराना दलहरूले सत्ता केन्द्रित राजनीति गरिरहेका छन्।

'सत्ता समीकरण परिवर्तन हुने भएपछि मधेशका मुख्यमन्त्री आफ्नो सरकार बचाउन अहिले केन्द्रदेखि प्रदेश तहसम्मका नेताहरूको घरघरमा पुग्न थाल्नु भएको छ,' सिंहले भने।

कांग्रेस, एमाले र नेपाली कम्युनिस्ट पार्टी सहभागी भएको मधेश सरकारले ल्याएको बजेट आफ्नो क्षेत्र, नातागोता, ईष्टमित्र लक्षित रहेको सिंहको आरोप छ। उनका अनुसार मुख्यमन्त्री कृष्ण यादवले आफ्नो जिल्लामा ठुलो परिमाणमा बजेट खन्याएका छन्। सिंहले मधेश सरकार परिवर्तनका सन्दर्भमा अन्य दलसँग सामान्य कुराकानी भए पनि त्यो औपचारिक नभएको बताए।

जनमत पार्टीकै अर्का प्रदेश सभा सदस्य संजय कुमार यादवले एजेण्डा र विचार नमिल्ने पार्टीहरू सरकार बनाउने नाममा जबर्जस्ती गठबन्धन बनाउनुको परिणाम अहिले देखा परेको बताए। बारम्बार सरकार फेरिनुमा यी दलका शीर्ष नेताकै भूमिका रहेको उनको भनाइ छ।

यादवले भने, 'देशमा जेनजी आन्दोलन भएर सङ्घमा अहिले रास्वपाको नेतृत्वमा सरकार नबनेको भए पुराना तीन दलले संघ सरकार कैयौं पटक फेरिसकेका हुन्थे। संघमा सरकार फेरिनासाथ प्रदेशमा पनि फेर्थे।'

मधेशमा मधेशवादी दलको नेतृत्व हुनुपर्नेमा जोड दिँदै उनले अहिले सरकार निर्माणको विषयलाई लिएर जसपा नेपालसँग सामान्य कुराकानी भएको प्रस्ट पारे। उनले भने, 'उहाँहरूले आफ्नो नेतृत्वमा सरकार बन्ने भए सहयोग गर्नुपर्छ भन्ने कुरा राख्नुभएको छ। तै पनि त्यो अनौपचारिक रूपबाट आएको कुरा होइन।'

प्रदेशका नेताहरू शीर्ष नेताको कठपुतली बन्दा प्रदेश सरकार जहिले पनि अस्थिरता तर्फ धकेलिने गरेको उनको आरोप छ।

# बिजुलीको भ्याट १ साउनबाट मात्र कार्यान्वयन : आन्तरिक राजस्व विभाग

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ११ गते**




आन्तरिक राजस्व विभागले बिजुली खपतमा लाग्ने मूल्य अभिवृद्धि कर १ साउनबाट मात्र आकर्षित हुने स्पष्ट पारेको छ।

आर्थिक ऐन २०८३ ले मूल्य अभिवृद्धि कर ऐन २०५३ संशोधन गरी सरकारले विद्युत् सेवा प्रदान गर्ने अन्तिम उपभोक्तालाई ५ प्रतिशत तथा अन्य व्यक्तिका सम्बन्धमा १३ प्रतिशतका दरले मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था गरेको थियो। बिजुलीमा लाग्ने भ्याटका सम्बन्धमा सरोकारवालाबीच भने अन्यौल उत्पन्न भएको थियो।

विभागका अनुसार ३२ असारसम्मको खपत बिलिङ १ साउन २०८३ मा भएमा मूल्य अभिवृद्धि कर आकर्षित हुने वा नहुने, १ साउन देखि जारी हुने कर बिजकमा न्यूनतम जार्च वा डिमाण्ड चार्जमा मूल्य अभिवृद्धि कर आकर्षित हुने वा नहुने सम्बन्धमा सर्वसाधारण, उपभोक्ता र कतिपय व्यवसायीमा समेत अन्यौल थियो।

आर्थिक ऐनले भ्याट लगाएको विषय १ साउनबाट प्रारम्भ हुने भन्ने व्यवस्था गरेका कारण सोही मितिबाट मात्र कर आकर्षित हुने विभागले स्पष्ट पारेको छ। विभागका अनुसार कुनै उपभोक्ताको ३२ असारसम्मको खपतमा कर लगाइएको भए सो कर छुट हुने छ। यसमा मूल्य अभिवृद्धि कर आकर्षित नहुने विभागले स्पष्ट पारेको छ।

# मन्त्री लम्सालले भने– नागढुङ्गा सुरुङमार्ग शिलान्यासको शिलालेख पुनर्स्थापना गर्छौं

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन ११ गते**




पूर्वाधार विकास मन्त्री सुनिल लम्सालले नागढुङ्गा सुरुङमार्गको शिलान्यासका क्रममा राखिएको शिलालेख पुनर्स्थापना गर्ने बताएका छन्।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७६ साल कात्तिक ४ गते सुरुङमार्ग शिलान्यास गरेका थिए। ओलीको नाम अंकित शिलालेख तोडफोड गरी गायब बनाइएको भन्दै कतिपयले विरोध गर्दै आएका छन्।

सोमबार सुरुङमार्ग उदघाटनको क्रममा पूर्वाधार विकास मन्त्री लम्सालले भने हराएको शिलालेख खोजेर पुनर्स्थापना गर्ने बताए।

नागढुङ्गा सुरुङमार्गको सम्भाव्यता अध्ययन २०६६/६७ मा तत्कालीन प्रधानमन्त्री झलनाथ खनाल र डा. बाबुराम भट्टराईको पालामा भएको थियो।

सुरुङमार्गको शिलान्यास भने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७६ कात्तिक ४ गते गरेका थिए। गरेका थिए। मुख्य सुरुङको ब्रेकथ्रु भने अर्का प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गरेका थिए। अहिले बालेन प्रधानमन्त्री भएका बेला सुरुङमार्ग औपचारिक उदघाटन गरिएको छ।

पूर्वाधार विकास मन्त्री लम्सालले अब देशैभर यस्ता सुरुङमार्गहरु बन्ने बताए। 'अब देशैभरी यस्ता टनेल बन्छन्, यो टनेलले धेरै कुरा सिकायो, हामी टनेल युगमा प्रवेश गरेका छौं,' उदघाटनपछि मिडियासङ्ग कुरा गर्दै मन्त्री लम्सालले भने।

जापानको अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को ०.०१ प्रतिशत सहुलियतपूर्ण ऋणमा नेपालको पहिलो अत्याधुनिक सडक सुरुङ मार्ग निर्माण गरिएको हो।

मुख्य सुरुङको लम्बाइ २.६८८ किलोमिटर छ भने सहायक सुरुङमार्ग २.५५७ किलोमिटर छ।

## मानवअधिकार ...........

सुकुम्वासीलगायत समस्यालाई राज्यले प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने धारणा राखे।

राष्ट्रिय मानवअधिकार आयोगका पूर्वसदस्य सुशील प्याकुरेलले नागरिकको अधिकारको रक्षा गर्नु राज्यको दायित्व भएको उल्लेख गरे। सम्मेलनमा मधेस प्रदेशका आठवटै जिल्लाका मानव अधिकारकर्मीको सहभागिता रहेको आयोजकले जनाएको छ।

## राजर्षि जनक विश्वविद्यालयको भौतिक पूर्वाधार र शैक्षिक ............

राखेको गुनासोलाई सम्बोधन गर्दै उनले क्रिकेट ब्याट, बल र फुटबल लगायतका सामग्री उपलब्ध गराएका हुन्।

आफ्नै पूर्वप्रतिवद्धता अनुरूप विद्यार्थीको माग पूरा गर्न पाउँदा खुशी लागेको उनले बताए। मधेश प्रदेशलाई 'साक्षर प्रदेश' घोषणा गर्ने अभियानका सन्दर्भमा मन्त्री पोखरेलले यसअघि नै प्रतिवेदन सार्वजनिक गरी प्रदेश सरकारलाई हस्तान्तरण गरिसकिएको जानकारी दिए। उक्त अभियानको प्रगति सन्तोषजनक रहेको उल्लेख गर्दै उनले यस विषयमा थप समन्वयका लागि प्रदेश प्रमुख तथा सम्बन्धित एकाइ प्रमुखहरूसँग छलफल गर्ने योजना रहेको समेत स्पष्ट पारे।

शिक्षा क्षेत्रमा थुप्रै चुनौतीहरू रहे पनि ती चुनौतीभित्र अवसरहरू खोज्दै सरकार अगाडि बढिरहेको मन्त्री पोखरेलको भनाइ छ।

